# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०६/०२

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्यं.केन्द्र)

चलानी नम्बर ..................

# स्वयंसेवी सहजकर्ता आवश्यकता सम्बन्धि सूचना

**सुआहारा-** दोस्रो: कार्यक्रम अमेरिकी अन्तराष्ट्रिय विकास नियोगको सहयोगमा सन् अप्रिल २०१६ देखि मार्च २०२१ सम्म सञ्चालनमा आईरहेको पाँच वर्षे एकिकृत पोषण कार्यक्रम हो । यो परियोजना एकिकृत पोषण कार्यक्रम बहुक्षेत्रीय कार्य पद्धतिमा आधारित छ । यस कार्यक्रमको उद्देश्य १००० दिनका आमा तथा तिनका बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउनु हो । यो सुआहारा दोश्रो चरणको कार्यक्रम हेलेन केलर ईन्टरनेशनलको नेतृत्वमा वातावरण र जनस्वास्थ्य संस्था (एन्फो), केयर नेपाल, एफ.एच.आई ३६०, नेपाल प्रविधिक समूह, इक्वेल एक्सेस नेपाल र विजय विकास तथा श्रोत केन्द्र बीचको साझेदारीमा कार्यान्वयन भईरहेको छ ।

सुआहारा कार्यक्रम अन्तर्गत पोषण स्थितिमा सुधार ल्याउनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न तपशीलमा उल्लेख गरिए बमोजिम **"स्वयंसेवी सहजकर्ता"** आवश्यक भएको हुँदा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको योग्य नागरिकले तल उल्लेखित बमोजिम प्रक्रिया पूरा गरी दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| पद | **सामुदायिक खानेपानी, सरसफाइ तथा स्वच्छता सहजकर्ता (Community WASH Facilitator)** |
|---|---|
| प्रकार | Partially Paid Volunteer |
| आवश्यक कर्मचारी | रुकुम (पश्चिम) जिल्ला आठबिसकोट नगरपालिका अन्तरगत अति विपन्न समूह अर्न्तगत परेका वडाहरुमा **खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी क्रियाकलाप सञ्चालनका** लागि (उल्लेखित वडामा १ जना) आवश्यक स्वयंसेवी सहजकर्ताको संख्या निम्नानुसार छ । |
| न्यूनतम् शैक्षिक योग्यता र दक्षता | • न्यूनतम एस.एल.सी वा एस.इ.इ उर्तीण भएको<br>• सम्बन्धित गाँउ/नगरपालिका र वडामा स्थायी बसोबास भएको<br>• समुदाय परिचालन सम्बन्धी ज्ञान, सिप र अनुभव भएको<br>• खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा कार्य अनुभव तथा ज्ञान भएकालाई प्राथमिकता<br>• राम्रोसँग संचार, समन्वय र समुदायमा प्रभाव पार्न सक्ने क्षमता भएको<br>• समुदायमा सहजै रुपमा परिचालित हुन सक्ने र मिलनसार, उर्जाशिल व्यक्तित्व भएको<br>• स्थानीय भाषामा दख्खल भएको<br>• स्वयंसेवी भावले काम गर्न इच्छुक भएको |
| मुख्य जिम्मेवारी | • खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तनका लागि समुदाय, घरघुरी तथा विद्यालय स्तरमा ट्रिगरिङ्ग, अभिमुखिकरण, तालिम एवं प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने ।<br>• स्वस्थ घर, समुदाय र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न समुदाय परिचालन गरी अभियान संचालन गर्ने । |

| पालिका | वडा नं | जम्मा आवश्यक सहजकर्ता संख्या |
|---|---|---|
| आठबिसकोट | १, २, ३, ४, ५, ६, ११, १२ | ८ |

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०६/०२

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर .................

| | |
|---|---|
| | • स्वस्थ्य आमा समूह र अन्य स्थानीय समूहको बैठक तथा भेलामा सहभागी भई खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि बानी व्यवहार विशेषतः पानी शुद्धिकरण र साबुन पानीले हातधुने बानी व्यवहार प्रवर्द्धन गर्ने ।<br>• स्थानीय तहको खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समिति, स्थानीय निकाय, फिल्ड सुपरभाईजर, सामुदायिक पोषण सहजकर्ता र अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने ।<br>• स्वस्थ घर सम्बन्धि खानेपानी, सरसफाइ र स्वच्छता तथा पूर्ण सरसफाइका सूचकहरुको नियमित घरधुरीस्तरमा अनुगमन गर्ने र आवश्यक परामर्श दिने ।<br>• वडा भित्रका सबै घरधुरी तथा १००० दिनका आमाहरुको घरलाई विशेष प्राथमिकता दिई स्वस्थ घर सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>• कार्यरत वडालाई १ वर्ष भित्र स्वस्थ घर समुदाय/पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिई कार्यक्रम संचालन गर्ने । |

## दरखास्त बुझाउने प्रक्रिया

माथि उल्लेखित योग्यता पुगेको इच्छुक नागरिकले यहि **मिति २०७५ असोज २ देखि असोज ८ (७ दिनको म्याद) भित्र** तपसिलका कागजपत्र सहित निवेदन दिनुपर्ने ।

- हस्तलिखित निवेदन
- पासपोर्ट साइजको फोटो सहितको योग्यता र कार्य दक्षता सम्बन्धि विवरण (CV, with passport size photo एक प्रति)
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि एक प्रति
- न्यूनतम एस.एल.सी/एस.इ.ई. उर्तीणको प्रमाणपत्रको प्रतिलिपि एक प्रति (सो भन्दा माथी भए प्रविणता पत्र तह सम्म बुझाउने)
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि एक प्रति

**लिखित परीक्षा:** २०७५ साल असोज ९ गते मंगलबार

**परीक्षाको प्रकार:** लिखित, मौखिक र प्रयोगात्मक

**समय:** बिहान ठीक ७ बजे ।

**स्थान :** आठविसकोट नगरपालिकाको नगरसभा हल

**निवेदन बुझाउने स्थान :**

आठविसकोट नगरपालिका कार्यालय आठविसकोट, रुकुम (पश्चिम) तथा जिल्ला सुआहारा कार्यालय खलंगा मुसिकोट, रुकुम (पश्चिम)

**फोन नं.** ०८८-५३०३५२

> स्वयंसेवी सहजकर्ता छनौट प्रक्रियामा समता तथा समावेशिकरणलाई प्रवर्द्धन गर्दै महिला, पछाडी पारिएका वर्गका व्यक्तिहरुलाई निवेदन दिनुहुन प्रोत्साहित गरिन्छ र छनौट प्रकृयामा प्राथमिकता दिइनेछ ।

**स्वयंसेवी सहजकर्ता छनौट समिति**